**नेपाल राष्ट्र बैंक**

**सामान्य सेवा विभाग**

**पुराना काम नलाग्ने सम्पत्ति तथा फुटकर फर्निचर सामानहरु सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गर्ने सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७३।०९।२१

यस बैंकका देहाय बमोजिमका पुराना काम नलाग्ने सम्पत्ति तथा फुटकर फर्निचर सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गनुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनिहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र फारम खरिद गरी १६ (साह्रौं) दिनको १२:०० बजेभित्र (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| समुह | सामानको विवरण | न्युनतम् मुल्य रु. | धरौटी रकम |
|---|---|---|---|
| १. | कम्प्यूटर एसेसरिज (कम्प्यूटर, ल्यापटप, प्रिन्टर, सरभर, युपिएस आदि),फर्निचर एण्ड फिक्सचर (काउण्टर/टेबल आदि), मेशिनरी इक्युपमेण्ट (टेलिफोन सिसटम, जेनेरेटर आदि), अफिस इक्युपमेण्ट (एयर कन्डिसनर, मल्टिमिडिया आदि ) र विविध फुटकर सामान (दराज, कुर्सी, काठपात, यु.पि.एस. ब्याट्री, फलामका सामान तथा टुक्राटुक्री, खुला र्‍याक, डण्डी आदि | ८,५४,९०६।०० | कबोल अंकको ५ प्रतिशतमा नघटाई |
| | **जम्मा** | **८,५४,९०६।००** | |

(१) सिलवन्दी बोलपत्र मिति २०७३।१०।०७ गते दिनको १.०० बजे नेपाल राष्ट्र बैंक सामान्य सेवा विभाग, बालुवाटारमा खोलिने छ ।

(२) बोलपत्र साथ बोलपत्र जमानत वापत आफुले कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिंग कार्यालय बालुवाटारमा रहेको खाता नं. ११०९९०१/०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वा वोलपत्र पेश गर्ने अन्तिम मितिले ३० दिन मान्य अवधि रहेको यस बैंकको नाममा जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम दस्तुर रु.७००।०० (रु.सात सय मात्र) (पछि फिर्ता नहुने) बुझाई यस बैंकको सामान्य सेवा विभागबाट लिन सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय विहान १०.०० बजे देखि दिउसो ३.०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग (**संपर्क नं.४१९८०४/५/७ (Ext.४०४)** मा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको) र स्थायी लेखा नम्वर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ । यसरी पेश भएका कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनुपर्नेछ ।

(७) बोलपत्र सम्वन्धी सूचना यस बैंकको वेवसाईट www.nrb.org.np मा लगअन गरी हेर्न सकिने छ ।

**नेपाल राष्ट्र बैंक**

**सामान्य सेवा विभाग**